"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्बृद्धिसहितको भद्रपुर नगर"

# भद्रपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भद्रपुर, झापा

कोशी प्रदेश, नेपाल

राजस्व प्र.शाखा २०८१।८२

## ग्रेडर भाडामा दिने सम्बन्धि शिलबन्दि दरभाउ पत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१।०५।१४**

यस भद्रपुर नगरपालिका कार्यालयको स्वामित्वमा रहेको ग्रेडर थान १(एक) आ.व. २०८१।८२ को आषाढ मसान्त सम्मको लागी भाँडामा लिएर प्रयोग गर्न चाहने व्यक्ति तथा नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी तथा सप्लायर्सहरुले फर्म दर्ताको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर (VAT) दर्ता भएको प्रमाण-पत्र, आ.व.०७९।८० सम्मको कर चुक्ता प्रमाणपत्र, यो प्रथम पटक सूचना प्रकाशित भएको मितिले (पन्ध्र) दिन भित्र यस न.पा.कार्यालयमा शिलबन्दी दरभाउपत्र पेश गर्न हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठे. नं. | विवरण | ठेक्का अवधि | न्यूनतम ठेक्का अंक रु. (मासिक) मूल्य अभिबृद्धि कर वाहेक | दरभाउपत्र फाराम दस्तुर | दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम मिति, समय | दरभाउपत्र फाराम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | ग्रेडर भाँडामा लगाउने | सम्झौता भएको मिति देखि २०८२ आषाढ मसान्त सम्म | २०५,०००।०० (दुई लाख पाच हजार) | १,०००।- | १५ औ दिन सम्म २०८१।०५।२८ गते कार्यालय समयसम्म | २०८१।०५।३० गते १.०० बजेसम्म | २०८१।०५।३० गते २.०० बजे पछि |

**शर्तहरु :**

१) शिलबन्दि दरभाउपत्र जमानत वापतको रकम रु.१,१३,०००।०० (अक्षरेपिरु.एक लाख तेह्र हजार रुपैया मात्र) यस कार्यालयको नाउँमा खुलेको रा.वा.बैंक भद्रपुर स्थित धरौटी खाता.नं. २२१०१००३०३००००३ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा (क) बर्गको बाणिज्य बैकबाट यस कार्यालयको नाउमा जारी भएको १२० दिन म्याद भएको बैंक जमानत पत्रको सक्कल पत्र टेन्डर फारम साथ संलग्न हुनुपर्नेछ ।

२) इच्छुक फर्म वा कम्पनीले दरभाउपत्र फाराम खरिद गर्दा अद्यावधिक फर्म नविकरणको प्रतिलिपी, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी साथै लिखित निवेदन दिई तोकिएको समयभित्र खरिद गर्न सकिनेछ ।

३) दरभाउपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४) दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने दिन बिदा पर्न गएमा उक्त कार्य सोको भोलीपल्ट वा लगतै कार्यालय खुलेको दिन र समय कायम हुनेछ ।

५) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

कार्यालय प्रमुखः ०२३–५२०७८१, नगर प्रमुखः ५२०१४८, नगर उप–प्रमुखः ५२००९९, Fax: 00977-23-520781
४ नं. वडा समितिको कार्यालय: ..., ५ नं. वडा समितिको कार्यालयः ५२३५५५, ६ नं. वडा समितिको कार्यालयः ५२४२९०
७ नं. वडा समितिको कार्यालयः ४५३९२७, ८ नं. वडा समितिको कार्यालयः ५२३१३८, ९ नं. वडा समितिको कार्यालयः ४५२२३५९
१० नं. वडा समितिको कार्यालयः ४५२०८२
Website: www.bhadrapurmun.gov.np E-mail: info@bhadrapurmun.gov.np

F:\Revenue department\Thekka sambandhi\tender notice\ठेक्का सूचना २०८१.८२.doc

" बालबालिका सबैका प्यारा, बालमैत्री नगर हाम्रो अभिभारा "

६) आफूले पेश गरेको दरभाउपत्रमा दर मूल्य अभिवृद्धि कर बाहेकको पेश गर्नु पर्नेछ । ठेक्का स्वीकृत भएपछि कवोल अंकमा १३% मु.अ.कर थप गरि बुझाउनु पर्नेछ ।

७) दरभाउपत्र खोल्ने काम समाप्त भएपछि दरभाउपत्र कबोल गर्ने पहिलो, दोश्रो र तेस्रो तीन जनाले राखेको धरौटी रोक्का राखि अरुको हकमा फिर्ता दिने र बोलपत्र स्वीकृत भैसकेपछि दरभाउपत्र कबोल गर्ने पहिलो व्यक्तिको नाममा कबुलियत गर्न ७ (सात) दिने सूचना यस न.पा.बाट पठाईनेछ । सो सुचना बुझि लिएको वा निजको घर दैलोमा टाँस भएको मितिले ७ (सात) दिन भित्रमा उपस्थित भै ठेक्का सम्झौता गर्न नआएमा वा आए पनि ठेक्का सम्झौता गर्न मञ्जुर नगरेमा निजले राखेको धरौटी जफत गरि सो पछिको दोस्रो, तेस्रो दरभाउपत्र कबोल गर्ने व्यक्तिलाई निजहरुको दरभाउपत्र अंक उपयुक्त ठहरेमा न.पा.ले क्रमशः नियमानुसार ठेक्का बस्तोबस्त गर्न सक्नेछ ।

## ग्रेडर ठेक्का सम्बन्धी अन्य शर्तहरु

१) ग्रेडर भाडामा लिने संस्था / फर्म कम्पनीले आ.व.०८१।०८२ को लागी कबुल गरेको रकमको पहिलो किस्ता २ महिना बराबर हुन आउने रकम अग्रिम बुझाउनु पर्छ सो समय समाप्त भएपछि पुनः २/२ महिना वरावरको रकम (दोस्रो देखि अन्तिम किस्ता सम्म) अग्रिम बुझाउनु पर्ने छ । सो नियमानुसार बुझाउनु पर्ने किस्ता ठेक्का रकम नबुझाएमा निजले राखेको धरौटी रकमबाट कट्टा गरी असुल उपर गरी कारवाहीको लागी सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुने गरी कारवाही अघि बढाइने छ ।

२) ठेक्कामा दिएको ग्रेडरको मर्मत, इन्धन, अन्य इन्धन, टायर टयूब, ब्याट्री, ब्रुस, लुब्रिकेट, सर्भिसिङ्ग चार्ज लगायत सम्पुर्ण पार्टस कार्यको जिम्मेवारी ठेक्का लिने पक्षको हुनेछ । यस वापतको रकम नगरपालिका सँग भुक्तानीको लागी दावि गर्ने छैन ।

३) ग्रेडर मर्मत गर्दा नगरपालिको अनुमति लिएर नगरपालिकाको रोहवरमा मर्मत गर्नुपर्ने छ ।

४) ठेक्का अवधी सम्झौता भएको मिति देखि २०८२ को आषाढ मसान्त सम्म मात्र हुने छ सम्झौता अवधि पश्चात ग्रेडर नगरपालिकालाई बुझाउदा चालु अवस्थामा हुनु पर्नेछ । चालु अवस्थामा भए/नभए मेकानिक इन्जिनियरले प्रमाणित भएको हुनु पर्नेछ । मेकानिकल इन्जिनियरवाट चालु अवस्थामा रहेको लिखित प्रमाण भएमा म्याद समाप्त भएको १(एक) महिना पश्चात धरौटि फिर्ता दिईनेछ ।

५) ग्रेडर संचालन गर्दा प्रचलित कानून बमोजिम बुझाउनु पर्ने सम्पुर्ण कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले आफ्नै खर्चवाट व्यहोर्ने गरी सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

(१३)

प्रमुख प्रशासकीय अधिकृत

राजस्व प्र.शाखा २०८१।८२

६) ग्रेडर बिग्रेको नचलेको या अन्य कुनै बहाना बनाई नगरपालिकालाई बुझाउनु पर्ने रकममा माफी /मिनाहा/छुट हुन सक्ने छैन । काबु बाहिरको परिस्थिति आईपरेको अवस्थामा नगरपालिकाको "आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) कार्यविधी २०८०" अनुसार हुनेछ ।

७) ग्रेडर संचालनको लागी नगरपालिकाले उपलब्ध गराएको चालक प्रयोग गर्नु पर्नेछ । (चालकको तलब नगरपालिकाले व्यहोर्ने छ । )

८) सम्झौता बखतमा ग्रेडर चालु हालतमा बुझाइनेछ । सम्झौता अवधि पश्चातको ग्रेडर मर्मत खर्च ठेक्का लिने फर्म/कम्पनी /संस्थाले नै व्यहोर्नु पर्नेछ । यसरी मर्मत गर्दा लागेको रकम नगरपालिकासँग भुक्तानी दाबी गर्न पाइनेछ ।

९) ग्रेडर मर्मत सम्बन्ध सुनिश्चितका लागी माथि उल्लेखित शर्तहरु वाहेक नगद रु.५००,०००।०० (पाँच लाख) धरौटि वा नेपाल राष्ट्र बैकवाट मान्यता प्राप्त वाणिज्य बैकवाट जारि भएको २०८१ अषाढ सम्म म्याद भएको बैक ग्यारेन्टी वापत छुटै राख्नु पर्नेछ । तोकिएको समय प्रश्चात मर्मत नगरी ग्रेडर बुझाएमा यस धरौटिवाट मर्मत रकिम कट्टा गरिनेछ ।

१०) ठेक्का अवधि भित्र नगरपालिकालाई ग्रेडर आवश्यकता परेमा लिन सकिनेछ । यसरी प्रयोग भएको अवधिका लागी मासिक अंकमा ३० (तिस) दिनले भाग गरी आउने अंक लाई एक दिनको मानि प्रयोग अवधिको छुट ठेकेदारले पाउने छ ।

११) नगरपालिकाबाट संचालन हुने भौतिक पूर्वाधारका कार्य/सार्वजनिक उपयोगको लागी हुने निर्माण कार्यमा ग्रेडर प्रयोग गर्नु पर्ने भएमा सो को लागी ग्रेडर उपलब्ध गराउनु पर्नेछ ।

१२) यस सूचना र शर्तमा उल्लेख भए बाहेकका अन्य शर्तहरु आन्तरिक "आय संकलन (ठेक्का बन्दोबस्त )कार्यविधिको २०८० " सार्वजनिक खरिद ऐन २०६३ नियमावली २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

पुनश्च :– ग्रेडरको अवस्था र अन्य कुरा बुझ्नु पर्ने भएमा यस कार्यालयको राजश्व शाखामा कार्यालय समय भित्र बुझ्न सकिनेछ र ग्रेडरको बारेमा स्थलगत अवलोकन निरीक्षण गर्न सकिनेछ ।

.................
(प्रमुख प्रशासकिय अधिकृत )

प्रमुख प्रशासकीय अधिकृत

F:\Taxdepartment\Thekka sambandhi\tender notice\ठेक्का सूचना २०८१।८२.doc